get ready QUEENSLAND

# आफ्नो छरछिमेकको विचार गर्नुहोस्

Queensland Government

**क्वीन्सल्याण्डमा हामी अद्भुत मौसम र जीवन शैलीको आनन्द लिन पाउछौं। तथापि, आँधी, भुँवरी, र बाढी जस्ता प्राकृतिक प्रकोपहरू हाम्रो वातावरणको एउटा अपरिहार्य अङ्ग बनेको छ। इतिहासले देखाए अनुसार, यिनीहरूबाट उत्पन्न खतराका सम्बन्धमा हामी शान्त भएर बस्ने जोखिम उठाउन सक्दैनौं।**

**अहिले नै निम्न कुराहरू गरि आपातकालीन स्थितिहरूका लागि तयार रहनुहोस्:**

- एउटा आपातकालीन योजना तयार गर्ने
- एउटा आपातकालीन किट तयार गर्ने
- तपाईंको घर तयार गर्ने
- चेतावनीहरू सुन्दै गर्ने
- आफ्नो छरछिमेकको विचार गर्ने।

यी सामान्य कुराहरू गरेमा प्राकृतिक प्रकोपहरूका लागि तयार रहन, यसबाट बच्न, र यसको असर कम गर्न सहायता पुग्छ।

**यसपाली आँधी,**
**भुँवरी वा बाढीको चपेटमा न पर्नुहोस्।**
**अहिले तयार रहनलाई दुई कदम चाल्नुहोस्।**

आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि: www.disaster.qld.gov.au मा हेर्नुहोस्।

**तपाईंको परिवारलाई तयार गर्ने क्रममा आफ्ना छिमेकीहरूलाई चिन्नु एउटा महत्वपूर्ण काम हो। छरछिमेकले एकअर्कालाई धैरै किसिमले मद्दत गर्न सक्छन् र यसमा तपाईंको टोल वा समुदायका मानिसहरू पर्दछन्।**

### आफ्नो छिमेकीहरूलाई चिन्नुहोस्

क्वीन्सल्याण्ड बासीहरूले एक अर्कालाई सहयोग गर्न हातेमालो गर्दै अगाडि बढ्न थालेको युगौं देखिको कुरा हो र छिमेकीहरूले एक अर्कालाई विभिन्न तरिकाले मद्दत गर्न सक्छन्। छरछिमेकमा तपाईंको टोल वा समुदायका मानिसहरू पर्दछन्।

तपाईंको समुदायमा कोही यस्ता मानिस पनि हुन सक्छन् जसलाई आपातकालीन स्थितिमा अरुलाई भन्दा धैरै मद्दत चाहिने हुन्छ - जुन प्राय छिमेकीहरूले प्रदान गर्न सक्छ।

तपाईंको मद्दतको जरुरत पर्न सक्ने छरछिमेकका मानिसहरूबारे सोच्नुहोस्; जस्तै:

- एक्लै घरमा बस्ने वृद्ध व्यक्तिहरू।
- अपाङ्ग वा कान नसुन्ने वा आँखा नदेख्ने व्यक्ति।
- कुनै जीर्ण रोग वा मानसिक रोगबाट ग्रसित मानिसहरू।
- स-साना बच्चाहरू भएका एक्लो बाबु वा आमा।
- ठूलो परिवार।
- त्यस ठाउँमा भर्खर मात्र बस्न आएका पर्यटकहरू, शरणार्थीहरू वा नयाँ आप्रवासीहरू।

### तपाईं के गर्न सक्नुहुन्छ?

- कस कसलाई मद्दत चाहिन सक्छ भनेर पत्ता लगाउन आफ्नो छिमेकीहरूसँग कुरा गर्नुहोस् - ध्यान राख्नुहोस् धैरै मानिसहरूलाई आफ्नो गोप्यता प्यारो लाग्छ।
- छिमेकीहरूले एक-अर्कालाई मद्दत गर्न सक्ने कामको एउटा सुची बनाउनुहोस्। के कसैसँग विशेष सीप छ; जस्तै चिकित्सा उपचार, प्राविधिक, व्यावसायिक?
- प्रकोप पछि छिमेकीहरु कसरी एकसाथ मिलेर काम गर्न सकिन्छ भन्ने योजना बनाउनुहोस्।
- एउटा सामुदायिक वर्किङ बी (भेला) आयोजन गर्नुहोस् - आफ्ना छिमेकीहरूसँग परिचय गर्ने यो राम्रो तरिका हो।
- तपाईंले अरुलाई मद्दत गर्न सक्ने कुराको उदाहरणहरू; जस्तै
  - बिल कान सुन्दैनन् वा आँखा देख्दैनन् र मौसमको चेतावनीहरू जारी गरिएको र रद्द भएको उनलाई कुनै अर्के व्यक्तिले जनाइ दिनु पर्छ।
  - जोन भारी वस्तुहरू उचाल्न सक्दिनन् र बाढी आउने निश्चित भएको बेला उनको फरनिचर उचाल्न उनलाई सहयोग चाहिन्छ।
  - यदि बिजुलि बन्द भएमा, ज्याकलाई खाना बनाउन र उनको परिवारसँग सम्पर्क गर्न सहयोग चाहिन्छ।
  - स्याली ह्वलचेयरमा हिँड्ने भएकोले उनलाई आफ्नो घर वरिपरिको खुल्ला चीजबीजहरू बाँध्न सहयोग चाहिन्छ।
- आफ्नो छिमेकीसँग बसेर एक कप चिया खाँदै भएको घटनाबारे गफ गर्नुहोस्।

### आफ्नो छिमेकीहरूलाई सहयोग गर्नुहोस् ?

- निम्न अनुसार घरको जाँच गरि आपातकालीन स्थितिका लागि तयार रहन सहयोग गर्नुहोस्:
  - पारिवारिक आपातकालीन योजना तयार गर्न सहयोग गर्ने;
  - आपातकालीन किट तयार गर्न सहयोग गर्ने;
  - पाल्तु पशु वा सहायक कुकुरहरूका लागि आपातकालीन योजना तयार गर्न सहयोग गर्ने
- आपातकालीन स्थितिलाई प्रभावकारी तरिकामा सामना गर्न आवश्यक स्रोतहरूको पहिचान तथा प्राप्त गर्न सहयोग गर्ने
- फरनिचर तथा बहुमूल्य वस्तुलाई बाढी आउने मार्गबाट हटाउन सहयोग गर्ने।
- के हुँदैछ भन्ने जानकारी प्रदान गर्ने।
- भुँवरी वा आँधी आउनु भन्दा पूर्व घर सम्पत्तिलाई सुरक्षित गर्ने।
- आपातकालीन स्थिति आएमा ओत लाग्ने ठाउँ उपलब्ध गर्ने।
- प्रकोप पश्चात सरसफाइमा सहयोग गर्ने।

SES FLOOD STORM EMERGENCY 132 500

**आँधीदवारा क्षति, बाढीको बढ्दो स्तर, भवनहरूमाथि लढेको रुख तथा भत्केको छाना आदिमा राज्य आपातकालीन सेवा (State Emergency Service) को सहयोग चाहिएमा यो 132 500 नम्बर मा मात्र फोन हो।**

यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ। कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्तिप्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।

**आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि www.disaster.qld.gov.au मा हेर्नुहोस्।**

© 2013 Department of Community Safety

# आफ्नो छिमेकीहरूको विचार गर्नुहोस्

Queensland Government

**याद राख्नुहोस् - तपाईंको छिमेकीहरूको गोप्यताबारे सम्बेदनशील बन्नुहोस्**

## छिमेकीहरूको विवरण

| | | | |
|---|---|---|---|
| **घरको नम्बर** | | **परिवारको थर** | |
| **परिवारको सदस्यहरू** | | | |
| **पाल्तु पशु** (प्रकार र नामहरू) | | | |
| **फोन नम्बरहरू** | | | |
| **इमेल ठेगाना** | | | |
| **आपातकालीन स्थिति सम्पर्क फोन नम्बरहरू** | | | |
| **सम्बन्ध** | | | |
| **टिप्पणी** (जस्तै आवश्यक सहयोग आदि) | | | |

| | | | |
|---|---|---|---|
| **घरको नम्बर** | | **परिवारको थर** | |
| **परिवारको सदस्यहरू** | | | |
| **पाल्तु पशु** (प्रकार र नामहरू) | | | |
| **फोन नम्बरहरू** | | | |
| **इमेल ठेगाना** | | | |
| **आपातकालीन स्थिति सम्पर्क फोन नम्बरहरू** | | | |
| **सम्बन्ध** | | | |
| **टिप्पणी** (जस्तै आवश्यक सहयोग आदि) | | | |

| | | | |
|---|---|---|---|
| **घरको नम्बर** | | **परिवारको थर** | |
| **परिवारको सदस्यहरू** | | | |
| **पाल्तु पशु** (प्रकार र नामहरू) | | | |
| **फोन नम्बरहरू** | | | |
| **इमेल ठेगाना** | | | |
| **आपातकालीन स्थिति सम्पर्क फोन नम्बरहरू** | | | |
| **सम्बन्ध** | | | |
| **टिप्पणी** (जस्तै आवश्यक सहयोग आदि) | | | |

## महत्वपूर्ण फोन नम्बरहरू

| | |
|---|---|
| **प्रहरी, अग्नि तथा एम्बुलेन्स** (आपातकालीन स्थिति प्राणघातक, नाजुक वा गम्भीर भए जस्तो लागेमा मात्र फोन गर्नुहोस्) | आपातकालीन स्थिति: 000 ट्रिपल जिरो (मोबाइलबाट 112) |
| **राज्य आपातकालीन सेवा (SES)** | 132 500 |
| **स्थानीय परिषद** | |
| **RSPCA** 1300 363 736 पशुप्राणी हराएको वा पाएको सूचना दिन | |
| **घाइते वा फँसेको पशुहरूलाई सहयोग** | 1300 ANIMAL<br>1300 264 625 |
| **स्थानीय पशु कल्याण निकाय** | |
| | |
| | |

यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ। कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्तिप्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।

**आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि www.disaster.qld.gov.au मा हेर्नुहोस्।**